नेपाल सरकार
सहकारी तथा गरिबी निवारण मन्त्रालय
**गरिब घरपरिवार सहयोग समन्वय बोर्डको सचिवालय**
अनामनगर, काठमाडौं
फोन : +९७७-१-४७७११०४ फ्याक्स : +९७७-१-४७७१०८०
इमेल : info@poorhouseholds.gov.np वेबसाइट : www. poorhouseholds.gov.np

# मौजुदा सूचीमा दर्ता गराउनेसम्बन्धी सूचना

(प्रकाशित मिति : २०७३/०४/३)

यस सचिवालयको लागि आ.व. २०७३/७४ मा आवश्यक पर्ने निम्नानुसारका सामान आपूर्ति तथा सेवा प्रदान गर्न इच्छुक इजाजतप्राप्त व्यक्ति, फर्म, संस्था वा कम्पनीहरूबाट सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ अनुसार मौजुदा सूचीमा दर्ताका लागि यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र उल्लेखित कागजातहरू आफैले प्रमाणित गरी प्रतिलिपिसहित रु. १० को टिकट टाँसी कार्यालय समयभित्र निवेदन दर्ता गराउनु हुन यो सूचना प्रकाशित गरिएको छ ।

| | | | |
|---|---|---|---|
| **क.** | **सामान आपूर्तितर्फ** | **ख.** | **सेवा र परामर्शतर्फ** |
| १ | कार्यालय सामान, स्टेशनरी, मसलन्द | १ | कम्प्युटर तालिम, ग्राफिक्स |
| २ | इलेक्ट्रोनिक्स उपकरणहरू | २ | ड्राइभिङ तालिम |
| ३ | नेटवर्किङका सामानहरू | ३ | क्षमता विकास तालिम |
| ४ | इलेक्ट्रिकल सामानहरू | ४ | सफ्टवेयर तथा वेबसाइट निर्माण, परिमार्जन, अद्यावधिक, आपूर्ति |
| ५ | खानेपानी (बोतल, जार) | ५ | ढुवानी, कुरियर सेवा |
| ६ | छपाइसम्बन्धी कार्यहरू | ६ | श्रव्य/दृश्य सामग्री, सूचना, विज्ञापन निर्माण, प्रकाशन, प्रशारण |
| ७ | पुस्तक, पत्रपत्रिकाहरू | ७ | डिजाइन, सर्वेक्षण, अध्ययन, अनुसन्धान, विश्लेषण |
| ८ | सवारी साधन | ८ | Data entry, coding, editing, processing सम्बन्धी कार्य |
| ९ | फर्निचर, फर्निसिङ सामानहरू | ९ | जनशक्ति आपूर्ति (सरसफाइ, सुरक्षा गार्ड, मर्मतसम्भार आदि) |
| १० | निर्माण एवं रङरोगनका सामानहरू | १० | सूचना प्रकाशन, बिज्ञापन |
| ११ | हवाई टिकट | | |
| **ग.** | **मर्मतसम्भारतर्फ** | | |
| १ | कार्यालयका यन्त्र, उपकरण ( कम्प्युटर, फ्याक्स, ल्यापटप, प्रिन्टर्स आदि) | ३ | सवारी साधन |
| २ | फर्निचर, फिक्चर्स | ४ | धारा, बाथरुमका सामानहरू |

## दरखास्तसाथ पेश गर्नुपर्ने कागजातहरू

१. सम्बन्धित क्षेत्रमा कार्य गर्न इजाजत प्राप्त व्यक्ति, फर्म, संस्था वा कम्पनीको दर्ता वा नवीकरण भएको प्रमाणपत्रको छायाप्रति ।
२. PAN वा VAT मा दर्ता भएको प्रमाणपत्रको छायाप्रति (VAT मा दर्ता हुन नपर्नेको हकमा सोको आधिकारिक प्रमाणपत्र) ।
३. आ.व. २०७१/७२ को कर चुक्ता प्रमाणपत्रको छायाप्रति र सार्वजनिक खरिद कार्यका लागि अयोग्य नभएको स्वघोषणाको निवेदन ।
४.सेवा र परामर्शको लागि दरखास्त दिँदा परामर्शदाताले आफ्नो कार्यसंग सम्बन्धित कार्यका लागि निबेदन दिनुपर्नेछ । संस्थाको सम्बन्धमा संस्थाको नाम, ठेगाना संलग्न तालिका, भबन, सवारी साधन आदिको प्रोफाइल एबं अध्यक्ष र सदस्यहरुको बायोडाटा पेश गर्नु पर्नेछ । व्यक्तिको हकमा नागरिकताको प्रमाणपत्र समेत पेश गर्नु पर्नेछ ।
५. निबेदन पेश गर्दा जुन कामको लागि (क,ख,ग मध्ये) सुची दर्ता हुन आबेदन गरेको हो सो कामको लागि दर्ता हुदाँको उद्धेश्यसंग मिलान भएको हुनुपर्ने, सो काम गर्ने दक्ष कर्मचारीको नाम सहितको योग्यता तालिम उल्लेख गर्नु पर्ने, बिगतमा सो कार्यसंग प्रत्यक्ष सम्बन्धित ३ बर्षको कार्यानुभब पेशगर्नु पर्ने जसमा संस्थाको नाम, ठेगाना, सम्पन्न गरेको कार्यको नाम, आयोजना संख्या, सम्पन्न गरेको कार्यको संख्या, भुक्तानी पाएको रकम (संझौता रकम भए), कार्य शुरु र अन्त्य गरेको मिति/अबधि, उल्लेख भएको तालिका र संस्थाहरुको सम्पर्क नम्बर उल्लेख गर्नुपर्नेछ । बित्तिय श्रोतका लागि निबेदनकर्त्ताले पछिल्लो दुई बर्षको आम्दानी विवरण र बासलात (२०७०/०७१ र २०७१/०७२) पेश गर्नुपर्नेछ ।
६. मालसामान उपलब्धकर्त्ताले जुन कामको लागि कम्पनी, व्यवसाय वा कर प्रयोजनको लागि दर्त्ता भएको हो सो अनुसारको कामको प्रकृतिसंग मिल्ने कार्यको लागि मात्र दरखास्त दिनुपर्नेछ । साथै त्यस्ता मालसामानहरुको लागि उपलब्ध हुने उपकरणको विवरण, बिक्रिपछिको सेवा उपलब्ध हुने नहुने र जगेडा पार्टपुर्जा उपलब्ध हुने नहुने पनि उल्लेख गर्नुपर्नेछ ।
७. उल्लेखित विवरणहरु स्पष्ट नखुलेको र कागजात प्राप्त नभएमा बोर्ड सचिबालयले मौजुदा सूचीमा दर्त्ता गर्न सक्नेछैन ।
८. निबेदनकर्त्ताले सम्पर्क गर्ने व्यक्ति/पदाधिकारीको टेलिफोन, मोबाईल फ्याक्स नम्बर, इमेल ठेगाना, र ठेगाना घर नम्बरसहित अनिबार्य रुपमा उल्लेख गर्नुपर्नेछ ।
९. सूचीकृत भएका फर्महरूको विवरण सचिवालयको वेबसाइट www.poorhouseholds.gov.np र सूचनापाटीमा प्रकाशित गरिनेछ ।